परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : २ | अंक : १५४ | पृष्ठ ४ | २०८० मंसिर ६ गते, बुधबार | 22 Nov., 2023 | मूल्य रु. ५/-



समाचार पृष्ठ ३ मा

टिकटकको मुद्दामा सर्वोच्चले दिएन अन्तरिम आदेश, सरकारसँग कारण माग

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## प्रदेश स्तरीय मेयर गोल्डकप फुटबल प्रतियोगितामा बेगाडावर युवा क्लबको जित



● राजेश सिंह

गौशाला । महोत्तरीको गौशालामा प्रदेश स्तरीय मेयर गोल्डकप फुटबल प्रतियोगिताको फाईनल खेलमा बेगाडावर युवा क्लब धनुषाले जित हासिल गरेको छ । मंगलबार गौशाला नगरपालिका वडा नं.१ स्थित रामनगरको खेलमैदानमा प्रदेश स्तरीय मेयर गोल्डकप फुटबल प्रतियोगिता २०८० को फाईनल खेलमा बेगाडावर युवा क्लबले जित हासिल गरेको छ । आज फाईनल खेलमा बेङखाडी FC महोत्तरी र बेगाडावर युवा क्लब धनुषाबिच खेल भएको थियो । जसमा हाप टाईममै बेगाडावर युवा क्लब धनुषाले दुई गोल गर्न सफल भएको थियो । हाप टाईम पछि थप १ गोल बेगाडावर युवा क्लब धनुषाले गरेको थियो । भन्ने बेङखाडी FC महोत्तरीले १ गोल मात्र गर्न सफल भएका थिए । ३/१ को अन्तरालमा बेगाडावर युवा क्लब धनुषाले जित हासिल गरेको आयोजक टिमले जनाएको छ । प्रतियोगिताको समापन समारो हलाई सम्बोधन गर्दै गौशाला नगरपालिकाका मेयर डा. दिपेन्द्र महतोले स्वास्थका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद भन्ने नाराका साथ यस्ता खेलकुद प्रतियोगिताहरुलाई निरन्तरता दिने मेयर महतोले बताउनुभयो । साथै खेलाडी, सहयोगी तथा दर्शकहरूले अनुशासनको पालना गरि शान्त वातावरणमा खेल समापन गराएकोले सबै लाई धन्यवाद समेत दिनुभयो । प्रतियोगितामा प्रदेशभरिका जम्मा ९ वटा टिम सहभागी रहेको थियो । खेलमा प्रथम हुने लाई १ लाख ५० हजार नगद, शिल्ड र प्रमाणपत्र र दोस्रो हुनेलाई ७५ हजार नगद, शिल्ड र प्रमाणपत्रहरु प्रदान गरिएको आयोजक टिमले जानकारी दिए । प्रतियोगिता कार्तिक २७ गतेदेखि सुरु भएको थियो ।

## गौशाला दुर्गा मन्दिरबाट सुनको आभुषण चोरी, नावालक पक्राउ

● टक नेपाल

गौशाला । महोत्तरीको गौशाला स्थित दुर्गा मन्दिरबाट सुनको आभुषण चोरी भएको छ । गौशाला नगरपालिका -५ स्थित बजारमा रहेको दुर्गा मन्दिरबाट मुर्तिलाई लगाईएको नथिया र मंटिका आभुषण चोरी भएको हो। केहि दिन अगाडी दसैमा भारतको राजस्थानबाट करिब १० लाख भारु बराबरको दुर्गा माताको मुर्ति मन्दिरमा स्थापना गरिएको थियो। सो मुर्तिमा करिब १४ आना बराबरको सुनको नथिया र टिका लगाइएको थियो ।



छठ पर्वको अन्तिम दिन विहान दिनमा समयमा चोरी भएको मन्दिरका पुजारी काशीकान्त झाले बताए । यसैबीच मन्दिरबाट चोरी भएको गरगहना सहित एक जना नावालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ। ईलाका प्रहरी कार्यालय गौशालाले मन्दिरबाट चोरी सुनको गहना सहित उक्त वालकलाई प्रहरीले नियन्त्रणमा लिएको हो । प्रहरी नियन्त्रणमा रहेको वालकसँग प्रहरीले सुक्ष्म तवरले सोधपुछ र अनुसन्धान गरिरहेको प्रहरी निरीक्षक मनोजकुमार यादवले जानकारी दिएका छन् । अहिले अनुसन्धानको क्रममै रहेकोले यस विषयमा प्रहरीले विस्तृत रुपमा जानकारी दिन मानेका छैनन् । छठ पर्वको पारण दिन अर्थात सोमबारका दिन सो मन्दिर बाट सो आभुषण चोरी भएको पुजारी झाले प्रहरीमा खवर गरे पछि प्रहरीले अनुसन्धानको क्रममा सो वालकलाई नियन्त्रणमा लिएको हो । मन्दिरमा लागेको सिसिटिभी क्यामेराबाट चोर पत्ता लागेको प्रहरी निरीक्षक यादवले जानकारी दिए ।

## धान खेतमा सिला खोज्दै बालबालिका

● टक नेपाल

बर्दिबास । मधेशका जिल्लामा छठ पर्वको समापन भएको छ। यसको रौनक भने अझै सकिएको छैन। सोमबार उदाउँदो सूर्यलाई अर्घ दिएपछि एकअर्काको घरमा प्रसाद पठाउने र भोजन ग्रहणपछि व्रतालु छठको थकान मेट्न लागेका छन्। अर्कोतिर धान काट्ने चटारो पनि छ। यो बेला बालबालिकाको पनि आफ्नै संसार र व्यस्तता छ। दसैंतिहार लागेदेखि मधेशका विद्यालयमा छुट्टी छ। यही मौका पारेर बालबालिकाको जमात अहिले धानको सिला खोज्न व्यस्त देखिन्छ। सिला अर्थात् खेतमा छुटेका एक एक बाला टिपेर जम्मा पारेको धान हो। त्यो धान बेचेर आएको पैसाले बजार मेलामा गएर आफूखुसी रमाइलो गर्न पाइने उद्देश्यले धान काट्ने महिनामा गाउँका बालबालिका शिला खोज्न पुग्छन्। गौशाला बजारका व्यापारी रामवृक्ष साहको बुझाइमा शिला खोज्ने काम रमाइलो र बालबालिकाको कमाइ पनि हो। स्थानीय भाषामा सिला खोज्नुलाई 'लोडाहा विछ्नु' भनिन्छ। 'जसले जति धेरै लोडाहा जम्मा गर्छ उसको उत्तिकै धाक बढ्ने हुँदा केटाकेटीमा बढी बाला जम्मा गर्न होड नै चल्छ।

बाँकी पृष्ठ ३ मा






परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

# मुद्दाको छिनोफानोमा ढिलाइ

'ढिलो न्याय दिनु भनेको न्याय नदिनुसरह हो' भन्ने न्यायशास्त्रको एउटा प्रचलित भनाइ हो । यस भनाइको मुख्य तात्पर्य भनेको न्यायका हकदार र पीडितहरुले यथासम्भव तुरुन्तै न्याय पाउनुपर्दछ । न्याय पाउनमा यो वा त्यो बहानामा विलम्ब गर्न नहुने वा ढिलो हुने गरी न्याय दिएमा त्यसको खास अर्थ हुन्न भन्ने कुरालाई बुझाउन खास गरी कानुनवेत्ता हरुले यो उद्धरण उल्लेख गर्ने गरेका छन् । यो उद्धरणलाई न्यायिक प्रक्रियामा सधैं सम्झिनुपर्ने, बुझ्नुपर्ने मुख्य कारण भनेको न्याय प्रणालीमा हुने ढिलासुस्ती र हैरानी नै हो । मुद्दाको एउटा पक्षले अर्को पक्षलाई अनावश्यक दुःख र हैरानी दिने नियतले कार्यविधि कानुनका प्रावधान र प्रक्रियालाई गलत तरिकाले प्रयोग गर्ने, कानुन व्यवसायी जिम्मेवार र इमानदार नहुने, कतिपय अवस्थामा न्यायाधीश फैसला गर्न डर मान्ने गर्नाले मुद्दाको छिनोफानोमा ढिलाइ हुँदै आएको छ । न्यायिक प्रक्रियामा रहेको कमी-कमजोरी, विकृति-विसंगति र बेथितिलाई सुधार गर्न विशेष गरी न्यायमूर्तिहरु, कानुन व्यवसायीहरुले अग्रसरता देखाउनुपर्ने खाँचो छ । विभिन्न तहमा विचाराधीन मुद्दाहरुको स्थितिलाई सरसर्ती हेर्ने हो भने न्याय पाउन भए/गरेका विलम्बहरु स्पष्ट देखा पर्दछ । विशेष गरी ठूला र चर्चित मुद्दाहरुमा न्यायाधीशले फैसला गर्न नचाहँदा मुद्दाको छिनोफानोमा ढिलाइ हुने गरेको छ । यसले गर्दा विभिन्न आदेश गरेर न्यायाधीशहरु आफ्नो इजलासबाट मुद्दा पन्छाउने गरेका छन् । उदाहरणका लागि त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक प्रेम चलाउनेमाथि तीन वर्षअघि नेपाल विद्यार्थी संघमा आबद्धहरूबाट ज्यान लिने मनसायले आक्रमण भएको भन्दै उहाँका तर्फबाट परेको काठमाडौं जिल्ला अदालतमा विचाराधीन मुद्दा अहिलेसम्म ४४ पटक पेसी चढेको छ । अदालतले विशेषज्ञ झिकाउने, चिकित्सकलाई बयानका लागि बोलाउने गर्दागर्दै मुद्दाको मूल विषयमा बहस भएको छैन । त्यस्तै, गतवर्ष नेपाली राष्ट्रिय क्रिकेट टोलीका तत्कालीन कप्तान सन्दीप लामिछानेविरुद्ध काठमाडौं जिल्ला अदालतमा बलात्कारको मुद्दा दर्ता भयो। जसको थुनछेक आदेशमाथि सर्वोच्च अदालतले शीघ्र मुद्दा टुंग्याउन आदेश दिएकै पनि ६ महिना भइसकेको छ ।यस्तै गतवर्ष ५ भदौमा आफूमाथि बलात्कार भएको भन्दै एक किशोरीले मुद्दा दायर गरेकोमा अनुसन्धानपश्चात् १४ कात्तिकमा मुद्दा दायर भएको थियो । सो मुद्दा हालसम्म २९ पटक पेसी चढेको जिल्ला अदालत काठमाडौंको अभिलेखले देखाउँछ । यस विषयमा शीघ्र फैसला गर्न भनी १५ फागुनमा सर्वोच्चबाट आदेश भएको थियो, तर सात महिना बित्दा पनि फैसला आएको छैन। क्रिकेटर लामिछाने प्रतिवादी रहेको मुद्दामा असोज महिनामै दुईपटक पेसी चढ्यो तर बलात्कार आरोपित किशोरीको उमेर यकिन गर्नका लागि उनकी आमाको उमेर यकिन गर्न थप कागजात झिकाउने आदेश पछिल्लोपटक भएको छ।

# नेप्से परिसूचकमा २३ दशमलव ८२ अङ्कको गिर




● टक नेपाल

काठमाडौं । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा २३ दशमलव ८२ अङ्कको गिरावट देखिएको छ । मंगलबार नेप्से परिसूचक एक दशमलव २८ प्रतिशतले घटेर एक हजार आठ सय २९ दशमलव ६५ को बिन्दुमा कायम भएको हो । मंगलबार विभिन्न कम्पनीका दुई सय ८५ कम्पनीको ३६ लाख ७५ हजार एक सय एक कित्ता शेयर ३७ हजार छ सय सात पटक खरिदबिक्री हुँदा रू ९५ करोड चार लाख ७९ हजार पाँच सय ८३ बराबरको कारोबार भएको छ । मंगलबारको कारोबारपछि बजार पुँजीकरण २८ खर्ब २१ अर्ब एक करोड ८१ लाख ८७ हजार आठ सय ८० बराबर पुगेको छ। मंगलबार म्युचुअल फन्ड समूहको उपसूचक शून्य दशमलव ४२ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धैरै उत्पादन समूहको उपसूचक तीन दशमलव १२ र लघुवित्त समूहको दुई दशमलव ८९ प्रतिशतले बढेको छ । मेन्छियम हाइड्रोपावर लिमिटेडको शेयर मूल्य सबै भन्दा धैरै आठ दशमलव १३ प्रतिशतले बढेको छ। सबैभन्दा धैरै घट्नेमा भने माथिल्लो मैलुङखोला लिमिटेडको शेयर मूल्य नौ दशमलव ७४ प्रतिशतले घटेको छ। कारोबार रकमका आधारमा मंगलबार सबैभन्दा धैरै हिमालयन डिस्टिलरी लिमिटेड रू सात करोड ७८ लाख २९ हजार दुई सय ३८ बराबरको शेयर किनबेच भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सबैभन्दा धैरै दुई लाख नौ हजार सात सय

# सप्तरीमा दुई राष्ट्रिय खेलाडी सम्मानित




● टक नेपाल

राजविराज । सप्तरी जिल्ला खेलकुद विकास समितिले जिल्लाका दुईजना राष्ट्रिय खेलाडीलाई सम्मान गरेको छ । राजविराज ७ स्थित आफ्नै कार्यालयमा मंगलबार आयोजित एक कार्यक्रमका विच राष्ट्रिय क्रिकेट खेलाडी विवेक कुमार यादव र भारोत्तोलन खेलाडी यादव संजयलाई सम्मान गरेको हो । खेलकुद विकास समितिका कार्यालय प्रमुख दिनेश भुजेलको अध्यक्षतमा आयोजित कार्यक्रममा प्रमुख अतिथि मधेस प्रदेशका शिक्षा तथा समाजकल्याण मन्त्री महेश प्रसाद यादवले जनही नगद ५ हजार १ सय राशीको नगद पुरस्कारसहित प्रमाणपत्र, दोसल्ला ओढाएर सम्मान गरे । उनिहरुले राष्ट्रिय टोलिको प्रतिनिधित्व गर्दै सप्तरीसहित देशकै गरिमा उच्च बनाएकोले अझै खेलमा प्रोत्साहन गर्ने उदेश्यले सम्मान गरिएको कार्यालय प्रमुख भुजेलले जानकारी दिए । सप्तरी जिल्ला निवासी विवेक कुमार यादवले नेपाली राष्ट्रिय क्रिकेट टोलीको प्रतिनिधित्व गर्दै नेपाललाई टि- ट्वान्टी विश्वकपका लागि छ्नौट भइ विश्वकपमा उत्कृष्ट प्रदर्शन गरेका थिए । यसैगरी सप्तरी निवासी यादव संजयले भारतमा आयोजित एशियन युथ र युनियर भारोत्तोलन च्याम्पियनसिप-२०२३ मा सहभागी भई चौथो स्थान हाँसिल गरेका थिए । कार्यक्रममा क्रिकेट संघका केन्द्रिय सदस्य एवम् सप्तरी अध्यक्ष आयुष श्रेष्ठ, जिल्ला फुटबल संघ सप्तरीका अध्यक्ष राज कुमार परियार, नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण देव, कोषाध्यक्ष नवीन गुप्ता, निबर्तमान सहसचिव चन्दन कुमार यादव, प्रदेश परिषद सदस्य बृजमान तामाङ, विभिन्न विधाका प्रशिक्षक तथा खेलाडीहरुको उपस्थिति रहेको थियो ।

# श्रीलङ्कामा हुने भनिएको यू-१९ विश्वकप क्रिकेट दक्षिण अफ्रिकामा हुने

● टक नेपाल

काठमाडौं । अन्तर्राष्ट्रिय क्रिकेट परिषद् आईसीसीले यू-१९ विश्वकप क्रिकेट श्रीलङ्काको सट्टा दक्षिण अफ्रिकामा गर्ने निर्णय गरेको छ । बोर्ड बैठकले सर्वसम्मत रूपमा सो निर्णय गरेको आईसीसीले जनाएको छ । श्रीलङ्काको क्रिकेट बोर्डमा राजनीतिक हस्तक्षेप भएको भन्दै आईसीसीले श्रीलङ्का क्रिकेटलाई निलम्बन गरेको छ । त्यसैले जनवरीमा श्रीलङ्कामा हुने भनिएको विश्वकप दक्षिण अफ्रिका सार्नु परेको हो । यू-१९ विश्वकप क्रिकेटमा नेपाल पनि छनोट भएको छ । जनवरी १३ देखि फेब्रुअरी ४ सम्म हुने भनिएको प्रतियोगिता दक्षिण अफ्रिकामा त्यही मिति आसपासमा आयोजना हुने छ ।






## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय ५५००५५ | | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम ५२०२११ | |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| जलेश्वर अस्पताल | ५२००७० | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| बर्दिवास आँखा अस्पताल ५५०४७७ | | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | ईलाका प्रहरी कार्यालय गौशाला | ९८५४०९००५० |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | रेडियो गौशाला ९३.६ मेगाहर्ज | ९८२४८७२९६० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ। | तुला | अर्थअभाव खट्किए पनि आवश्यक पर्दा सरसापट वा कर्जामार्फत धन जुट्नेछ। |
| बृष | प्रयत्न गरेका काम मुस्किलले सम्पादन हुनेछन्। | वृश्चिक | दैनिक आवश्यकता पूरा हुनेछन् र मिहिनेतको फल प्राप्त हुनेछ। |
| मिथुन | तत्कालको फाइदा हेर्दा परिस्थिति बिग्रन सक्छ। | धनु | आफ्ना काममा अरूको मुख ताक्नाले पछि परिनेछ। |
| कर्कट | मौका आए पनि समयमा जागरुक नबन्दा पछि परिनेछ। | मकर | परिस्थितिवश काम रोकिन सक्छ। |
| सिंह | अवसर आए पनि आत्मविश्वासको कमीले पछि परिनेछ। | कुम्भ | खर्च र चुनौतीको समय रहेको हुँदा अलि सजग र हनुपर्ला। |
| कन्या | रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्न सक्छ। | मीन | व्यवसायले रमाइलो यात्रा गर्ने अवसर दिलाउन सक्छ। |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

# टिकटकको मुद्दामा सर्वोच्चले दिएन अन्तरिम आदेश, सरकारसँग कारण माग

● टक नेपाल



काठमाडौं । सरकारले टिकटकमाथि प्रतिवन्ध गरेको विषयमा परेको मुद्दामा सर्वोच्च अदालतले कारण देखाउ आदेश जारी गरेको छ । निवेदकको माग बमोजिम अन्तरिम आदेश भने जारी भएन । गत २७ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयबाट सामाजिक सञ्जाल प्लेटफर्म टिकटक नेपालमा बन्द गर्ने निर्णय गरेको थियो । टिकटक बन्द गर्ने सरकारको निर्णयविरुद्ध १० जनाको रिट निवेदन परेको थियो । ती सबै निवेदनलाई सर्वोच्चले एकमुष्ट सुनवाइ गर्दै कारण देखाउ आदेश जारी गरेको हो । सामाजिक सञ्जाल फेसबुक, युट्यूव लगायत विभिन्न ओटीटी प्लेटफर्ममाथि रोक लगाउनु पर्ने माग सहित वीपी गौतमले र नेपाल केवल टेलिभिजन महासंघले हालेको मुद्दाका निवेदकले पनि बहसमा इन्टरभेन्टसन गरेका थिए । उक्त मुद्दामा अधिवक्ताद्वय सुलभ खनाल र कृपा सुवेदीले बहस गर्दै अवैध सामाजिक सञ्जाल तथा ओटीटी एपहरु बन्द गर्नुपर्ने जिकिर गरेका थिए ।

# बारामा झन्डा मेलामा झडप : एसपी भन्छन्–'स्थित साम्य भइसक्यो'

● टक नेपाल



काठमाडौं । बाराको पचरौता नगरपालिका-७ स्थित बेनौलीमा झडप हुँदा दुई जना घाइते भए । गए राति महाबिरी झन्डा राख्ने विषयमा एउटै गाउँका दुई समूहबिच झडप भएको हो । झडपमा परेर पचरौता-७ बस्ने ४० वर्षीय लक्ष्मी पटेल र ४२ वर्षीय चण्डीका पटेल घाइते भएका हुन् । स्थिति नियन्त्रणमा लिन प्रहरीले ८ राउन्ड हवाई फायर गरेको थियो । झन्डा मेलालाई शान्तिपूर्ण रूपमा सम्पन्न गर्नबारे प्रहरीले सोमबार बिहानदेखि छलफल गराए पनि साँझ झडप भएको थियो । साँझ एउटा समूले अर्को समूहलाई आक्रमण गर्दा तनाव सिर्जना भएको तर, अहिले स्थिति नियन्त्रणमा आएको बाराका एसपी सुरेश काफ्लेले रातोपाटीलाई बताए । काफ्ले भन्छन्–'अहिले स्थिति साम्य भइसक्यो ।' गत वर्ष झन्डा लाने समूह र समूहको बिचमा आफूले झन्डा लान पाउनुपर्ने बारेमा विवाद भएको थियो ।

# भिपिएन र डिएनएसबाट टिकटक चलाउँदा बैंकिङ डाटा चोरी हुन सक्छ : प्रहरी

● टक नेपाल



काठमाडौं । नेपाल प्रहरीको साइबर ब्युरोले भिपिएन र डिएनएसको प्रयोग असुरक्षित र अवैध रहेको भन्दै सचेत गराएको छ । यस्ता माध्यमबाट प्रतिबन्धित सामाजिक सञ्जाल टिकटकको प्रयोग भइरहेको भन्दै ब्युरोले व्यक्तिगत तथा बैंकिङ विवरण चोरी हुन सक्ने जनाएको छ । 'भिपिएन र डिएनएस प्रयोगले गर्दा प्रयोगकर्ताको डिभाइसमा रहेका महत्वपूर्ण डाटा, व्यक्तिगत विवरण, बैंकिङ विवरणहरूको समेत पहुँच पुऱ्याई चोरी भई आर्थिक दुरुपयोगका घटना साइबर सुरक्षाका दृष्टिकोणले समेत बढिरहेको पाइएको छ,' ब्युरोले मंगलबार जारी गरेको सूचनामा भनिएको छ । टिकटकको माध्यमबाट विद्युतीय स्वरूपमा गैरकानुनी कुरा सम्प्रेषण गरी व्यक्तिको चरित्र हत्या गर्ने, सार्वजनिक नैतिकता, जातीय, भाषिक, धार्मिक सदभाव खलबल्याउने र राष्ट्रिय एकतामा प्रतिकूल असर गर्नेजस्ता गतिविधि भइरहेको भन्दै ब्युरोले यस्ता गतिविधि नगर्नसमेत सचेत गराएको छ ।

# धान खेतमा सिला....

बाल्यकालमा हामी पनि यसै गरी सिला खोजेर रमाइलो गर्थेउँ," साहले स्मरण गर्नुभयो ।' यसरी सिला खोज्नेमा मुख्य दलित समुदायका बालबालिका हुन्छन् । उनीहरू दसैं लागेदेखि सिला खोज्दै आएका छन् । यसबाट आएको पैसाले दसैंतिहार र छठको मेला भरेको उनीहरू बताउँछन् । कसैले सिला खोजेर जम्मा भएको धान बेचेर जाडोमा सुत्ने चटाइ र कमिज, गम्छा जस्ता कपडासमेत किन्ने गरेका छन् । अभावग्रस्त परिवारमा यसरी जम्मा भएको अन्नले छाक टार्न पनि सघाउ पुगेको गौशाला-१०, भरतपुरका उपेन्द्र सदाको भनाइ छ । औरही नगरपालिका-७ को धान खेतमा शिला खोजिरहेका १० वर्षीय सुरुज सदा र उहाँकी सात वर्षीय बहिनी रधियाले शिला खोजेको धान बेचेर जम्मा भएको रुपियाँले छठमा रमाइलो गरेको बताउनुभयो । दुवै दाजुबहिनीले दसैंतिहारको बेलातिर पनि स्थानीय पसलमा सिला खोजेको धान बेचेर सोनामाईथानको मेला भरेको सुनाउनुभयो । पर्वमा सबैले रमाइलो गर्छन् तर दलित र विपन्न समुदायका बालबालिकाले कसरी मेला भर्ने ? बाआमाले खर्च दिन सक्दैनन् । यो अभावलाई सिला खोजेको अन्नले केटाकेटीलाई राहत दिन्छ । सिला खोज्न कसैले रोकटोक पनि गर्दैन । यो केटाकेटीको वैध कमाइ पनि हो । खेतमा छरिएका बाला जम्मा पाऱ्यो, धान झाऱ्यो । अनि नजिकको पसलमा लगेर बेच्यो । शिला खोज्दा छुटेका खेर गएका धानका बालाको सदुपयोग पनि हुने र यो बाल्यकालको रमाइलोसमेत भएको स्थानीय कृषकको भनाइ छ ।

प्रो. राम किसुन चौधरी मो. ९८४४०५१२७७, ९८१५८७३१७७

श्री जयसी बाबा ग्याँस पसल

क्षीरेश्वरनाथ-५, महेन्द्रनगर, सखुवा रेड

एन.एल. र ग्याँस वानको अधिकृत बिक्रेता



यहाँ थोक तथा खुद्रा ग्याँस सिलीण्डरहरू पाईन्छ र राईस कुकर, कुकर, चुलो, रेगुलेटर, पाईप, लाईट मर्मत गर्नुको साथै सुपथ मूल्यमा पाईन्छ ।

Healthy Living Nepal Pvt. Ltd.

Bardibas Branch-1, Mahottari (Madhesh Pradesh)

बैजनाथ चौधरी

मो. ९८४४२५१७९९, ९७०३७७४७८४

हरेक प्रोडक्टमा बम्पर अफर !






जलेश्वर रोड, भोलाबसन्त चौक (पावन मिथिला होटलको अगाडी)

सिटी केयर हस्पिटल

HEALTHCARE & DIAGNOSTIC CENTRE PVT. LTD.

सिन्धुली रोड, बर्दिबास (राष्ट्रिय वाणिज्य बैंकको उत्तर पट्टिको हरियो भवनमा)






हाम्रो सेवाहरु

NICU & ICU सेवा सहित

– २४ सै घण्टा इमरजेन्सी सेवा
– दैनिक ओपिडि सेवा (जेनरल मिडिसिन, स्त्रीरोग, बालरोग, जेनरल सर्जरी, छालारोग र थाईरेड)
– भिडियो एक्स–रे, डिजिटल एक्स–रे सेवा
– ल्याब सेवा
– अन्तरंग विभाग सेवा

होल बडी चेकअपमा २५% छुट

☎ 044-550527/9801050527/9801150527

प्रो. सुरेश चौधरी मो. ९८५११०९९१९, ९८०६८००९१९

श्री गणेश ईन्जिनियरिङ्ग ममर्त केन्द्र

बर्दिवास-१ (बर्दिबास ट्राफिक कार्यालयको अगाडी)



यहाँ लेथ सम्बन्धी सानो, ठुला गाडी, ट्रेक्टरको टेलर, व्यालडिङ्गर क्रसरको सम्पूर्ण मर्मत काम गरिनुका साथै ट्रस, ग्रिल कम्पाउन्ड, स्टिल रलिङ, गार्डेन पिंग, बालमैत्री खेलौना, व्याम समाग्री, विद्यालयका लागि आवश्यक खेलौना सम्बन्धि सम्पुर्ण काम सुपथ मुल्यमा गरिन्छ ।

# सप्तरी जिल्ला कारागारमा कैदीबन्दीको मृत्यु

• टक नेपाल




सप्तरी । सप्तरी जिल्ला कारागार राजविराजमा कैद भुक्तान गरिरहेका एक कैदीबन्दीको मंगलबार मृत्यु भएको छ । मृत्यु हुनेमा राजविराज- १५ का ६५ वर्षीय नन्दलाल मण्डल रहेको कारागार प्रमुख सदानन्द दासले जानकारी दिए । उनी कर्तव्य ज्यान मुद्दामा ०७९ कात्तिक १६ गतेदेखि राजविराज कारागारमा कैद भुक्तान गरिरहेको जनाइएको छ । मंगलबार बिहान शौचालयबाट निस्केपछि उनी लडेका थिए । उनलाई तत्काल उपचारका लागि गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा ल्याए पनि उपचारको क्रममा मण्डलको मृत्यु भएको कारागार प्रमुख दासले बताए ।

# दुर्गा प्रसाईंविरुद्ध धनुषा प्रहरीमा उजुरी

• टक नेपाल



काठमाडौं । पुरानो राष्ट्रिय गान बजाएको भन्दै दुर्गा प्रसाईंविरुद्ध धनुषा प्रहरीमा जाहेरी पुगेको छ । कात्तिक अन्तिम साता जनकपुरमा 'हिन्दु सम्राट् सेना धनुषा'ले गरेको कार्यक्रममा 'श्रीमान् गम्भीर नेपाली' नामको गान बजाइएको थियो । सो कार्यक्रममा प्रसाईं अतिथि थिए । उनकै निर्देशनअनुसार उक्त गान बजाइएको थियो । प्रसाईंले राष्ट्रिय गानको अपमान गरेर अपराध गरेको भन्दै प्रसाईंविरुद्ध युवा सङ्घ नेपाल धनुषका अध्यक्ष ३० वर्षीया रोषनकुमार यादवले जाहेरी दिएको धनुषा प्रहरीले जनाएको छ । प्रहरीका अनुसार जाहेरी अध्ययनका क्रममा रहेको छ । जाहेरीमा संविधान तथा कानुन प्रतिकुल हुने काम गर्न छुट नदिएको भन्दै प्रसाईंलाई हदैसम्म कैद तथा जरिवाना गर्न माग गरिएको प्रहरीले जनाएको छ ।

खुशीको खबर सिन्धुली जिल्लामा पहिलो पटक प्याराग्लाइडिङ उडान संचालमा आएको छ । प्याराग्लाइडिङ गर्न चाहने व्यक्तीलहरुले आफ्नो नाम बुकिङ्ग गराउन चाहेमा हामिलाई सम्झनुहोस् ।




सम्पर्कको लागि
श्री कुसुम कृषि सहकारी संस्था
बर्दिबास, महोत्तरी




# महोत्तरी प्रहरीको हिरासतमा थुनुवाका लागि पुस्तकालय स्थापना

• टक नेपाल




जलेश्वर । जिल्ला प्रहरी कार्यालय महोत्तरीले थुनुवा कक्षमा पुस्तकालय सञ्चालनमा ल्याएको छ। मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख डिआइजी जनक भट्टराईले सो पुस्तकालयको उद्धाटन गरेका छन् । मंगलबार पुस्तकालयको उद्धाटन गर्दै डिआइजी भट्टराईले यसले थुनुवा कक्षमा विभिन्न अनुसन्धानका लागि ल्याइने आरोपीहरूलाई खाली समय थोरै ज्ञान आर्जन गर्न सहयोग पुग्ने बताए । उनले जिल्लास्थित अन्य थुनुवा राख्ने इलाकाहरूमा समेत यस्ता पुस्तकालय राख्न मिल्ने भएकोमा त्यसको लागि समेत समन्वय भइरहेको बताए । यता पुस्तकको अध्ययनले विभिन्न नकारात्मकतालाई सकारात्मकतातर्फ परिवर्तित गर्न सहयोग पुग्ने भन्दै जिल्ला प्रहरी कार्यालय महोत्तरीका एसपी प्रकाश मल्लले पुस्तकले जीवन सिँगार्ने बताए । उनले विभिन्न कारणले अपराधमा लागेका व्यक्तिसमेत पुस्तक अध्ययनले सुमार्गमा लागेको विभिन्न उदाहरण रहेका वेला पुस्तक जीवनोपयोगी भएको बताए । उनले प्रहरी कार्यालमा बिस्तारै अन्य सेवाग्राहीलाई समेत पुस्तक अध्ययन गर्न लाइब्रेरीको व्यवस्थापन गर्ने जानकारी दिए । जिल्ला प्रहरी कार्यालय महोत्तरीको थुनुवा कक्षमा हाल तीन सय ९० थान विभिन्न पुस्तक अध्ययनका लागि राखिएका छन् । उक्त पुस्तक जलेश्वर नगरपालिका- २ का वडाध्यक्ष वरुण दाहालले उपलब्ध गराइदिएका छन् भने वडा नं. ६ का वडाध्यक्ष रवीन्द्र साहले पुस्तक राख्न तीन थान दराज सहयोग गरेका छन् । यता जलेश्वर कारागारमा कैदीबन्दीहरूका लागि पहिलेदेखि पुस्तकालय सञ्चालनमा छ ।

# बुद्धि बिगारेनौँ भने ०८४ को चुनावमा एमालेलाई कसैले हराउन सक्दैन: ओली

• टक नेपाल



वीरगञ्ज । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले चुनावको बेला बुद्धि नबिगारे आफ्नो पार्टीलाई आगामी चुनावमा कसैले हराउन नसक्ने दाबी गरेका छन् । मंगलबार पर्साको पोखरिया नगरपालिकामा आयोजित पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले अन्तरघात नभएमा २०८४ को चुनावमा एमालेलाई कसैले हराउन नसक्ने बताएका हुन् । त्यस क्रममा उनले आफ्नो स्वार्थमा मात्रै केन्द्रित नभइ नयाँ-पुराना सबै नेता-कार्यकर्ता एकजुट भएर पार्टीलाई सुदृढ बनाउन निर्देशन दिए । 'हामी एकजुट भयौँ भने, एकअर्काको खुटा तानेनौँ भने, चुनावका बेला बुद्धि बिगारेनौँ, घात अन्तरघात गरेनौँ भने हामीलाई कसैले हराउन सक्दैन,' उनले भने । एमालेको सरकार हुँदा मधेसमा बनाइएको हुलाकी राजमार्ग अहिलेसम्म पनि त्यसभन्दा अघि बढ्न नसकेको भन्दै ओलीले आफ्नो कार्यकालमा विकास निर्माणको काम गरेको दाबी गरे । अहिलेको सरकारसँग कर्मचारीलाई खुवाउनको लागि तलबसमेत उनको भनाइ थियो । २०८४ को चुनावमा एमालेले बहुमत ल्याउने उनले दाबी गरे। 'एमालेले ०८४ को निर्वाचनमा एकल बहुमत ल्याउँछ । एकल सरकार बनाउँछ,' उनले भने ।

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT
Rs. 2800/-

WHOLE BODY CHECKUP
-CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY
Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE
Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC
Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
बर्दिबास नगरपालिका-१४, औरही रोड (महोत्तरी)
सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४

बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बदिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com